NABIL INVEST
(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza, Narayanchour
Naxal, Kathmandu, Nepal
Tel : +977-1-5970475
+977-1-4511604
+977-1-4511733
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

Ref. No.: CS-2082/83-03

मिति: २०८२/०५/१३

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

विषय : नबिल ब्यालेन्सड फण्ड २ (NBF2) र नबिल ब्यालेन्सड फण्ड ३ (NBF3) को आ.व. २०८१/८२ को प्रतिफल तथा इकाईधनी दर्ता किताब बन्द (Book Close) रहने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा, नबिल बैंक लिमिटेड कोष प्रवर्द्धक तथा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड योजना व्यवस्थापक एवं डिपोजिटरी रहि नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालनमा रहेका बन्दमुखी योजनाहरु नबिल ब्यालेन्सड फण्ड २ (NBF2) र नबिल ब्यालेन्सड फण्ड ३ (NBF3) का इकाईधनीहरुलाई आ.व. २०८१/८२ को लागि, योजना व्यवस्थापकको सञ्चालक समितिको २०८२/०५/१२ गते साँझ ४:३० बजे बसेको १२३औं बैठकले निम्नानुसारको नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछु ।

क्र.सं.	योजनाको नाम	घोषणा गरेको नगद प्रतिफल (कर सहित)	
		दर (%)	रकम (रु.)
१	नबिल ब्यालेन्सड् फण्ड २ (NBF2)	१३ (तेह्र)	१४५,६००,०००/-
२	नबिल ब्यालेन्सड् फण्ड ३ (NBF3)	१३ (तेह्र)	१६२,५००,०००/-

साथै उक्त बैठकले उपर्युक्त प्रतिफल वितरण प्रयोजनार्थ मिति २०८२/०५/२२ गते आइतबार एक दिनको लागि योजनाको ईकाइधनी दर्ता किताब बन्द (Book Close) गर्ने निर्णय गरेको तथा इकाईधनी दर्ता किताब बन्द रहने बारे सम्बन्धित सबैको जानकारीको लागि मिति २०८२/०५/१४ को नागरिक दैनिकमा सूचना प्रकाशन गरिने व्यहोरा समेत तहाँको जानकारीको लागि अनुरोध गरिन्छ ।

भवदीय,

....
सुदिप लिबी
कम्पनी सचिव

बोधार्थ:
१. कोष सुपरिवेक्षकहरु, नबिल म्युचुअल फण्ड
२. कोष प्रवर्द्धक, नबिल बैंक लिमिटेड

संलग्न: योजनाको इकाईधनी दर्ता किताब बन्द रहने बारे नागरिक दैनिकमा प्रकाशन गरिने सूचनाको नमूना

नबिल ब्यालेन्सड् फण्ड २ (NBF2) र नबिल ब्यालेन्सड् फण्ड ३ (NBF3) को आर्थिक वर्ष २०८१/८२ को लागि प्रतिफल घोषणा तथा इकाईधनी दर्ता किताब बन्द रहने बारे सूचना

नबिल बैंक लिमिटेड कोष प्रवर्द्धक र नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड योजना व्यवस्थापक रहि नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालनमा रहेका बन्दमुखी योजनाहरु : नबिल ब्यालेन्सड् फण्ड २ (NBF2) र नबिल ब्यालेन्सड् फण्ड ३ (NBF3) को आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्य सम्पन्न भई योजना व्यवस्थापकको मिति २०८२/०५/१२ गते बिहीबार अपरान्ह ४:३० बजे बसेको सञ्चालक समितिको १२३औं बैठकले उपर्युक्त योजनाका इकाईधनीहरुलाई आर्थिक वर्ष २०८१/८२ को लागि निम्नानुसारको नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

क्र.स.	योजनाको नाम	घोषणा गरेको प्रतिफल दर (कर सहित)	
		दर (%)	रकम (रु.)
१	नबिल ब्यालेन्सड् फण्ड २ (NBF2)	१३ (तेह्र)	१४५,६००,०००/-
२	नबिल ब्यालेन्सड् फण्ड ३ (NBF3)	१३ (तेह्र)	१६२,५००,०००/-

साथै, उक्त प्रतिफल वितरण प्रयोजनार्थ २०८२ साल भाद्र २२ गते आइतबार एक दिनको लागि उपर्युक्त योजनाहरुको ईकाइधनी दर्ता किताब बन्द (Book Close) गर्ने निर्णय भएको व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तोकिएको दर्ता किताब बन्द हुने मिति भन्दा अघिल्लो दिनसम्म नेप्सेको प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधि भित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र माथि उल्लेखित प्रतिफल प्राप्त गर्नको लागि योग्य हुने हुँदा सम्बन्धित सबै इकाईधनीहरु तथा खरीदकर्ताहरुले सोही अनुसार इकाई नामसारी गर्न/गराउनु हुन अनुरोध गर्दछौं ।

कोष प्रवर्द्धक:

NABIL BANK®

नबिल बैंक लिमिटेड

प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौं

फोन: ५९७१८७१

Email: info@nabilbank.com, Url: www.nabilbank.com

योजना व्यवस्थापक एवं डिपोजिटरी:

NABIL INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाण्डौं

फोन: ४५११६०४/४५११७३३, फ्याक्स: ४५१०५५४

Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np